जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६४ | २०८३ साल बैशाख २६ गते शनिवार | Saturday-09-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

# गरुडामा विवाह समारोहमै गोली काण्ड : भिडियो सार्वजनिक, आरोपी चिनिए तर पक्राउ शून्य

*शु.आ. संवाददाता*
*रौतहट, २५ बैशाख*



रौतहटको गरुडा नगरपालिकामा विवाह समारोहकै बीच खुलेआम गोली प्रहार भएको घटनाले कानुनी शासन, सुरक्षा संयन्त्रको प्रभावकारिता र राज्यको निष्पक्षतामाथि गम्भीर प्रश्न खडा गरेको छ। घटना भएको करिब दुई सातासम्म पनि न आरोपित व्यक्ति पक्राउ परेका छन्, न प्रयोग गरिएको हतियार बरामद भएको छ। उल्टै भिडियो, तस्बिर र प्रत्यक्षदर्शीका बयान सार्वजनिक भइसक्दा पनि प्रहरी प्रशासन "अनुसन्धान भइरहेको" भन्ने सीमित प्रतिक्रियामै देखिएपछि स्थानीयवासी आक्रोशित बनेका छन्।

गरुडा नगरपालिका-३ मलाही टोलमा वैशाख १३ गते राति आयोजित एक विवाह समारोहमा नगरपालिकाका लेखापाल सत्यनारायण सहनी र उनका एक सहयोगीले दुई नाले बन्दुक प्रयोग गरी पटक-पटक हवाई फायरिङ गरेको आरोप लागेको हो। सयौं जन्ती, आफन्त तथा स्थानीय सहभागी रहेको कार्यक्रममा गोली पड्किएपछि केही समय अफरातफरीको अवस्था सिर्जना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। विशेषगरी महिला र बालबालिका त्रसित बनेका थिए।

घटनासँग सम्बन्धित भिडियो अहिले सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको छ। भिडियोमा केही व्यक्तिहरूले सार्वजनिक रूपमा हतियार प्रदर्शन गर्दै गोली चलाएको दृश्य स्पष्ट देखिन्छ। स्थानीयका अनुसार, समारोहमा उडाइएको ड्रोन क्यामेरालाई समेत लक्षित गरी गोली प्रहार गरिएको थियो। यसले घटना केवल "उत्सवमा गरिएको प्रदर्शन" नभई सम्भावित जोखिमपूर्ण मानसिकताको संकेत भएको भन्दै चिन्ता व्यक्त गरिएको छ। घटनापछि जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले घटनाबारे जानकारी प्राप्त भइसकेको र अनुसन्धानको जिम्मेवारी जिल्ला प्रहरी कार्यालयलाई दिइएको बताएका छन्। उनले आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको दाबी गरे पनि हालसम्म सार्वजनिक रूपमा कुनै ठोस उपलब्धि देखिएको छैन।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले पनि अनुसन्धान जारी रहेको प्रतिक्रिया दिएका छन्। उनका अनुसार घटनाको अनुसन्धान इलाका

बाँकी तेश्रो पृष्ठमा

# बारामा हुलाकमार्फत घरमै राहदानी वितरण सेवा सुरू

*शु.आ. संवाददाता*
*बारा, २५ बैशाख*



संघीय सरकारले अघि सारेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची कार्यान्वयनलाई तीव्रता दिँदै अब बारा जिल्लामा पनि हुलाक सेवामार्फत घरमै राहदानी वितरण सेवा सुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला हुलाक कार्यालय बाराबीच भएको औपचारिक सम्झौतापछि सेवाग्राहीले अब राहदानी तयार भएपछि आफ्नै घरमा सुरक्षित रूपमा प्राप्त गर्न सक्ने भएका हुन्।

जिल्ला प्रशासन कार्यालय बाराद्वारा जारी सूचनाअनुसार वैशाख २५ गते दुवै कार्यालयबीच सम्झौता सम्पन्न भएको हो। सम्झौतामा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र तथा जिल्ला हुलाक कार्यालय बाराका कार्यालय प्रमुख दिपक कुमार पटेलको सहभागिता रहेको थियो। सम्झौतापछि सेवा सञ्चालनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया अघि बढाइएको जनाइएको छ।

सरकारले नागरिकलाई सरकारी सेवा सहज, छिटो र नागरिकमैत्री बनाउने उद्देश्यले ल्याएको १०० बुँदे शासकीय सुधार कार्यसूचीअन्तर्गत सरकारी कागजातहरू घरमै पुऱ्याउने अवधारणा अघि सारेको थियो। सोही योजना अन्तर्गत राहदानी, नागरिकता प्रतिलिपि, सवारी चालक अनुमतिपत्रलगायत सेवा हुलाकमार्फत उपलब्ध गराउने निर्णय गरिएको थियो। जिल्ला हुलाक कार्यालय बाराका खरिदार गौतम सिंह बस्तीका अनुसार राहदानीका लागि आवेदन दिने क्रममा सेवाग्राहीलाई दुईवटा विकल्प दिइनेछ। सेवाग्राहीले चाहेमा राहदानी आफैं कार्यालयबाट बुझ्न सक्नेछन् भने हुलाकमार्फत घरमै प्राप्त गर्न पनि सक्नेछन्। "यदि सेवाग्राहीले घरमै राहदानी लिन चाहनुहुन्छ भने आवेदन दिने समयमै एउटा सानो फारम भर्नुपर्ने हुन्छ," उनले भने, "राहदानी तयार भएर जिल्ला प्रशासन कार्यालयमा प्राप्त

बाँकी तेश्रो पृष्ठमा

# पर्सामा लागू औषध सेवनकर्ता खोजी तथा सुधार अभियान सञ्चालन

## सरोकारवाला निकायको सहभागिता, युवालाई दुर्व्यसनबाट जोगाउन सामूहिक प्रतिबद्धता

*शु.आ. संवाददाता*
*पर्सा, २५ बैशाख*



लागू औषध दुर्व्यसन नियन्त्रण तथा प्रयोगकर्ताको पहिचान गरी सुधार प्रक्रियामा ल्याउने उद्देश्यले पर्सामा "लागू औषध सेवनकर्ता खोजी एवं सुधार अभियान-२०८३" दोस्रो चरणको कार्यक्रम सम्पन्न गरिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साको आयोजनामा वीरगञ्ज महानगरपालिका-१६ इनर्वास्थित शंकराचार्य गेटमा बिहीबार बिहान कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी भोला प्रसाद दाहालको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, समाजसेवी तथा स्थानीय भद्रभलादमीसहित करिब १२५ जनाको सहभागिता रहेको जनाइएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अभियानको मुख्य उद्देश्य समुदायस्तरमै पुगेर लागू औषध सेवनकर्ताको पहिचान गर्ने, उनीहरूलाई सुधार तथा पुनःस्थापनाको दायरामा ल्याउने र युवापुस्तालाई दुर्व्यसनबाट जोगाउन सचेतना अभिवृद्धि गर्नु रहेको छ। कार्यक्रममा सहभागी वक्ताहरूले लागू औषध दुर्व्यसन अहिले समाजका लागि गम्भीर चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि प्रहरी मात्र नभई अभिभावक, विद्यालय, स्थानीय तह, सामाजिक संस्था र समुदाय सबैको साझा भूमिका आवश्यक रहेको बताएका थिए। कार्यक्रममा नेपाल प्रहरीका अधिकारीहरूले लागू औषध सेवन र ओसारपसारका कारण समाजमा अपराध, हिंसा तथा सामाजिक विकृति बढ्दै गएको उल्लेख गर्दै समयमै नियन्त्रण र सचेतनामूलक अभियान आवश्यक रहेको धारणा राखेका थिए। सहभागीहरूले विशेषगरी सीमावर्ती जिल्लामा लागू औषधको जोखिम बढ्दो रहेको भन्दै सामूहिक निगरानी र समुदाय-प्रहरी सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दाहालले लागू औषध नियन्त्रणलाई केवल सुरक्षा निकायको जिम्मेवारीका रूपमा नहेरी सामाजिक अभियानकै रूपमा अघि बढाउनुपर्ने बताए। उनले युवालाई सकारात्मक गतिविधिमा जोड्न सके मात्र दुर्व्यसन नियन्त्रण प्रभावकारी बन्ने धारणा व्यक्त गरे। त्यसैगरी कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सुरक्षा निकायका प्रतिनिधिहरूले समुदायमा आधारित अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका थिए। कार्यक्रममा सहभागी स्थानीयवासीहरूले पनि यस्ता सचेतनामूलक कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरेका छन्।

कार्यक्रम बिहान करिब ९ बजे सुरु भई ११ बजे सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। अभियानअन्तर्गत आगामी दिनमा विद्यालय, समुदाय तथा विभिन्न स्थानीय तहमा समेत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

# "लागुऔषध छोडौं, जीवनलाई रोजौं" अभियानसहित बारामा सुधार कार्यक्रम सम्पन्न

*शु.आ. सम्बाददाता*
*बारा, २५ बैशाख*



लागुऔषध दुर्व्यसन नियन्त्रण तथा युवापुस्तालाई दुर्व्यसनबाट जोगाउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय बाराले "लागुऔषध सेवनकर्ता खोजी तथा सुधार अभियान-२०८३" अन्तर्गत सचेतनामूलक तथा सुधारात्मक कार्यक्रम सम्पन्न गरेको छ।

"लागुऔषध छोडौं, जीवनलाई रोजौं, स्वस्थ जीवन-सुन्दर भविष्य हाम्रो अभियान" भन्ने मूल नारासहित सञ्चालन गरिएको उक्त कार्यक्रममा जिल्लाका विभिन्न सरकारी निकाय, सामाजिक संघसंस्था, समाजसेवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

जिल्ला प्रहरी कार्यालय बाराको आयोजनामा सम्पन्न कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए भने जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरको विशेष उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी मिश्रले लागुऔषध दुर्व्यसन समाज र परिवारका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि सरकारी निकायसँगै अभिभावक, शिक्षक, सामाजिक संस्था तथा समुदायको साझा जिम्मेवारी आवश्यक रहेको बताए। उनले युवापुस्तालाई सकारात्मक गतिविधितर्फ आकर्षित गर्न सके मात्र लागुऔषध नियन्त्रण अभियान प्रभावकारी बन्ने धारणा व्यक्त गरे।

त्यसैगरी प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले पछिल्लो समय युवामाझ लागुऔषध प्रयोग तथा ओसारपसारका घटना बढ्दै गइरहेको भन्दै प्रहरी प्रशासनले नियन्त्रण अभियानलाई तीव्र बनाएको जानकारी दिए। उनले केवल पक्राउ र कारबाही मात्र नभई सुधार, पुनर्स्थापना र सचेतनामूलक कार्यक्रमलाई समेत प्राथमिकतामा राखिएको बताए।

कार्यक्रममा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी तथा स्थानीयवासीहरूले लागुऔषध नियन्त्रण अभियानलाई समुदायस्तरबाट समेत सशक्त बनाउनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा लागुऔषध दुर्व्यसनका कारण उत्पन्न सामाजिक, आर्थिक तथा स्वास्थ्यसम्बन्धी असरबारे जानकारी दिइनुका साथै युवाहरूलाई सचेत रहन आग्रह गरिएको थियो।

सहभागीहरूले समाजमा बढ्दो लागुऔषध दुर्व्यसन न्यूनीकरणका लागि प्रहरी प्रशासनले सञ्चालन गरेको अभियान सकारात्मक र आवश्यक भएको प्रतिक्रिया दिएका थिए। कार्यक्रममा सुधार तथा पुनर्स्थापनाको आवश्यकता रहेका व्यक्तिहरूलाई सहयोग र परामर्शमार्फत मुख्यधारमा फर्काउने विषयमा समेत छलफल गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार अभियानअन्तर्गत आगामी दिनमा विद्यालय, क्याम्पस, बजार क्षेत्र तथा समुदायस्तरमा निरन्तर सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया तथा निगरानी अभियान सञ्चालन गरिनेछ।

उक्त कार्यक्रम साँझ करिब ४:३० बजे समापन भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# कडाइ सर्वसाधारणमाथि, सुविधा तस्करलाई ?

पर्साको सीमावर्ती क्षेत्रमा पछिल्लो समय देखिएको दृश्यले राज्य संयन्त्रको कार्यशैलीमाथि गम्भीर प्रश्न खडा गरेको छ । सरकारले राजस्व चुहावट रोक्ने उद्देश्यले भारतीय बजारबाट ल्याइने सामानमा भन्सार कडाइ लागू गरेपछि सामान्य नागरिक प्रत्यक्ष मारमा परेका छन् । तर विडम्बना, यही समयमा वैकल्पिक नाकाबाट संगठित तस्करी झन् मौलाएको आरोप उठिरहेको छ ।

सीमावर्ती क्षेत्रका सर्वसाधारण आज सानो परिमाणको दैनिक उपभोग्य सामान ल्याउँदा समेत सुरक्षाकर्मीको निगरानी, सोधपुछ र झन्झटपूर्ण प्रक्रियाबाट गुज्रिन बाध्य छन् । तर अर्कोतर्फ रातको अँध्यारोमा मोटरसाइकल, साइकल र साना सवारीमार्फत ठूलो परिमाणमा सामान निर्बाध रुपमा नेपाल भित्रिरहेको स्थानीयको दाबीले राज्यको नियतमाथि नै प्रश्न उठाएको छ । यदि स्थानीयले उठाएका आरोप सत्य हुन् भने यो केवल तस्करीको विषय मात्र होइन, सुरक्षा संयन्त्रभित्रै मौलाएको संरक्षण संस्कृतिको खतरनाक संकेत हो । प्रहरीकै संरक्षणमा तस्करी भइरहेको भन्ने गुनासो सामान्य होइन । अझ सीमाक्षेत्रमा खटिएका सुरक्षाकर्मीमाथि रकम असुली र लाइन व्यवस्थापनसम्मको आरोप लाग्नु अत्यन्त गम्भीर विषय हो । यस्तो आरोपको निष्पक्ष छानबिन हुनु अपरिहार्य छ । सबैभन्दा बढी पीडामा वैध व्यवसायी परेका छन् । कानुनी प्रक्रिया पूरा गरेर भन्सार तिरी व्यवसाय गर्ने व्यापारी आज अवैध रुपमा भित्रिने सस्तो सामानसँग प्रतिस्पर्धा गर्न बाध्य छन् । राज्यले एकातिर कर तिर्न प्रोत्साहन गर्ने, अर्कोतिर तस्करी नियन्त्रणमा असफल हुने हो भने वैध व्यवसायको भविष्य संकटमा पर्नु स्वाभाविक हो । यसले बजार प्रणाली मात्र होइन, समग्र अर्थतन्त्रलाई असर गर्छ ।

राज्यले "शून्य सहनशीलता" को नीति घोषणा गर्नु एउटा कुरा हो, त्यसलाई व्यवहारमा लागू गर्नु अर्को । सीमाक्षेत्रमा तस्करी नियन्त्रणको नाममा सर्वसाधारणलाई दुःख दिने तर संगठित गिरोहलाई संरक्षण मिल्ने अवस्था रहिरहने हो भने जनतामा राज्यप्रतिको विश्वास कमजोर बन्दै जान्छ ।

पर्साको सिरिसिया, ड्राइपोर्ट, अमरपट्टि लगायत क्षेत्रबारे उठिरहेका प्रश्नहरुलाई सामान्य रुपमा लिन मिल्दैन । सम्बन्धित निकायले तत्काल निष्पक्ष छानबिन गरी दोषी जोसुकै भए पनि कारबाही गर्नुपर्छ । अन्यथा तस्करी नियन्त्रणको अभियान केवल देखावटी कडाइमा सीमित हुनेछ र यसको मूल्य इमानदार नागरिक तथा व्यवसायीले चुकाइरहनुपर्नेछ ।

# शैक्षिक रुपान्तरणमा नीति र न्याय



डा. माधव अधिकारी

नेपालको शिक्षा क्षेत्र अहिले संक्रमणकालीन अवस्थामा छ। प्रगति र चुनौतीहरूको संगममा हामी उभिएका छौं ।

शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यममात्र होइन। यो सामाजिक न्याय र आर्थिक समृद्धिको मूल आधार हो । मानव समाजले सांस्कृतिक सम्पदा यसैमार्फत पुस्तान्तरण गर्छ। वैज्ञानिक उपलब्धि र नैतिक मूल्य शिक्षाले नै जोगाउँछ। नेपालमा शिक्षाको इतिहास निकै लामो र बहुआयामिक छ। प्राचीन गुरुकुलदेखि आधुनिक संघीय संरचनासम्म यसको यात्रा छ। शिक्षाले राष्ट्रिय विकासको बलियो जग निर्माण गर्ने गर्छ ।

ऐतिहासिक पृष्ठभूमि र क्रमिक विकास : राणाकालीन शासनमा शिक्षा मुट्ठीभर वर्गको एकाधिकार थियो । २००७ सालको परिवर्तनपछि शिक्षा सर्वसाधारणको पहुँचमा पुग्यो। २०२८ सालको योजनाले प्राथमिक शिक्षा अनिवार्य बनायो । २०७२ सालको भूकम्पले शैक्षिक पूर्वाधारमा ठूलो क्षति पुऱ्यायो। कोभिड-१९ को महामारीले सिकाइ पद्धतिमा नयाँ चुनौती थप्यो। राजनीतिक अस्थिरताले पनि शिक्षा क्षेत्रमा गहिरो प्रभाव पारेको छ। तर शैक्षिक विकासको गति भने निरन्तर अगाडि बढिरहेको छ । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गऱ्यो । धारा ३१ ले प्रत्येक नागरिकलाई निःशुल्क शिक्षाको हक दियो। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अहिले कार्यान्वयनमा छ । विद्यालय शिक्षा क्षेत्र योजनाले गुणस्तर सुधारको रूपरेखा कोरेको छ। सोह्रौं योजनाले शिक्षाको विस्तार र सुदृढीकरणमा जोड दिएको छ । यद्यपि व्यावहारिक उपलब्धि भने अझै सन्तोषजनक देखिन सकेको छैन। नीतिगत दस्तावेजहरूले मात्र वास्तविक सुधार ल्याउन सक्दा रहेनछन् भन्ने पुष्टि भएको छ।

तथ्यांक र पहुँचको वास्तविक अवस्था : नीति निर्माण र कार्यान्वयनको खाडल अझै गहिरो देखिन्छ। फ्ल्यास रिपोर्ट २०२४, अनुसार नेपालमा ३५ हजार ४ सय ४७ विद्यालय छन्। तीमध्ये ७ सय ७५ सामुदायिक र २ सय ३५ संस्थागत विद्यालय रहेका छन् । प्रारम्भिक बाल विकासमा १३ लाखभन्दा बढी बालबालिका छन् । आधारभूत तहमा ५३.५ लाख विद्यार्थी अध्ययनरत छन् । माध्यमिक तहमा विद्यार्थीको संख्या १६.६ लाख पुगेको देखिन्छ । दलित र सुकुम्बासी बालबालिका अझै गुणस्तरीय शिक्षाबाट वञ्चित छन् ।

प्रारम्भिक तहको खुद भर्ना दर ९४.१ प्रतिशत रहेको छ। माध्यमिक तहको खुद भर्ना दर भने ५५.८ प्रतिशत छ । विद्यालयमा विद्यार्थी र शिक्षकको अनुपात निकै असन्तुलित देखिन्छ । कक्षा ११-१२ मा यो अनुपात ७७:१ पुगेको छ। युनेस्कोले भने २०:१ को अनुपात सिफारिस गरेको छ । यो अन्तरले शिक्षाको गुणस्तरमा गम्भीर असर पारेको छ। शिक्षकको कमीले गर्दा प्रभावकारी शिक्षण हुन सकेको छैन । गुणस्तर र प्रविधिको गहिरो चुनौती : सिकाइ उपलब्धि र गुणस्तरमा अहिले गम्भीर संकट छ। गत वर्षको माध्यमिक परीक्षामा ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भए। शिक्षा नीतिले समता र गुणस्तरबीच सन्तुलन मिलाउन सकेन। दलित विद्यार्थीहरूको कक्षा छाड्ने दर अझै पनि उच्च छ। बालिकाहरूको भर्ना दर बालकहरूको तुलनामा निकै कम देखिन्छ। यसले सामाजिक र लैंगिक असमानतालाई थप प्रश्रय दिएको छ । गुणस्तरीय शिक्षामा सबैको समान पहुँच सुनिश्चित हुन सकेको छैन ।

डिजिटल पहुँचमा पनि निकै ठूलो भौगोलिक विभाजन देखिन्छ । सामुदायिक विद्यालयहरूमा कम्प्युटरको पहुँच केवल २०.४ प्रतिशत छ । पुस्तकालयको सुविधा भएका विद्यालय केवल १६.४ प्रतिशतमात्र छन् । कर्णालीका विद्यालयमा विद्युत् आपूर्ति ३४.८ प्रतिशमात्र छ । मधेस प्रदेशमा कम्प्युटर पहुँच केवल ६.३८ प्रतिशत छ। सोह्रौं योजनाले स्मार्ट विद्यालयको सुन्दर परिकल्पना गरेको छ । तर पूर्वाधारको अभावमा यो लक्ष्य भेटाउन कठिन छ ।

सीमान्तकृत समुदाय र शैक्षिक वञ्चितः सीमान्तकृत समुदायहरू अझै पनि शैक्षिक मूलधारभन्दा बाहिर छन् । दलित विद्यार्थीहरू उच्च कक्षा पुग्दा पढाइ छाड्न बाध्य छन्। उनीहरूलाई शिक्षामा टिकाइराख्नु अहिलेको मुख्य चुनौती बनेको छ । तेस्रो लिंगी विद्यार्थीले विद्यालयमा गम्भीर भेदभाव भोगिरहेका छन् । उनीहरूका लागि शौचालय र सहपाठीको व्यवहार अनुकूल छैन । तथ्यांक प्रणालीमा उनीहरूको अलग्गै पहिचानसमेत राखिएको छैन। यो अवस्थाले नीतिगत अदृश्यताको स्पष्ट उदाहरण पेस गर्छ । भूमिहीन परिवारका बालबालिकाको सिकाइमा ठूलो व्यवधान छ । बासस्थानको अनिश्चितताले उनीहरूले बारम्बार विद्यालय परिवर्तन गर्नुपर्छ । जन्म दर्ता नहुँदा उनीहरूले छात्रवृत्ति सुविधा पाउन सक्दैनन्। बालश्रमको जोखिम पनि यो समुदायमा निकै उच्च छ । अनाथ बालबालिकाका लागि कानुनी संरक्षकको अभाव अर्को समस्या हो । बालगृहमा समर्पित शिक्षक र उपयुक्त पाठ्यक्रमको निकै कमी छ। उनीहरूले पहिचानको कागजात नहुँदा रोजगारीमा बाधा भोग्छन्।

शिक्षक व्यवस्थापन र राजनीतीकरणको असर : शिक्षक दरबन्दी र पदपूर्तिमा धेरै समस्या कायमै छन् । सहरी क्षेत्रमा शिक्षक बढी र दुर्गममा निकै कम छन् । विज्ञान र गणित विषयका शिक्षकको ठूलो अभाव देखिएको छ । राहत कोटाका शिक्षकहरूको नियमितीकरण प्रक्रिया निकै सुस्त छ। शिक्षक सेवा आयोगको नियुक्ति प्रक्रियामा पनि ढिलाइ भइरहेको छ । यसले गर्दा विद्यालयको पठनपाठनमा प्रत्यक्ष असर पुगेको छ । दरबन्दी मिलान कार्य अझै पनि प्रभावकारी हुन सकेको छैन । शिक्षा क्षेत्रमा दलीय राजनीतीकरण एउटा घातक समस्या हो। अधिकांश शिक्षकहरू कुनै न कुनै राजनीतिक दलमा आबद्ध छन् । यसले शिक्षाको गुणस्तर र स्वायत्ततामा गम्भीर असर पारेको छ । विश्वविद्यालयका नेतृत्वहरू दलगत भागबन्डाका आधारमा नियुक्त हुने गर्छन् । शिक्षा ऐनको प्रतिबन्धका बाबजुद यो परम्परा जारी छ। राजनीतिक हस्तक्षेपले गर्दा शैक्षिक संस्थाहरू कमजोर बनिरहेका छन् । यसले विद्यार्थीमा वितृष्णा र असन्तुष्टि पैदा गरेको छ ।

परम्परागत शिक्षण अनि प्रविधिको प्रयोग : हाम्रो शिक्षा प्रणाली अझै पनि घोकन्ते पद्धतिमा आधारित छ । विद्यार्थीलाई ज्ञानको खाली भाँडो मान्ने पुरानो दृष्टिकोण छ । यसले आलोचनात्मक र सिर्जनशील सीप विकासमा बाधा पुऱ्याएको छ। समस्या समाधान गर्ने क्षमता विद्यार्थीमा विकास हुन सकेको छैन। आधुनिक युगमा यो शिक्षण पद्धति पूर्ण रूपमा असफल छ । शिक्षालाई व्यावहारिक र सीपमूलक बनाउनु अहिलेको आवश्यकता हो । रचनात्मक सोचलाई प्रोत्साहन गर्ने पाठ्यक्रमको खाँचो निकै देखिन्छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का कारण डिजिटल शिक्षामा नयाँ चुनौतीहरू थपिएका छन् । धेरै अभिभावकहरू मोबाइललाई सिकाइ साधनको रूपमा स्वीकार्दैनन्। सुरक्षित डिजिटल प्रयोगबारे शिक्षक र विद्यार्थीमा ज्ञानको कमी छ। ग्रामीण भेगमा इन्टरनेट र विद्युत्को पहुँच अझै पुगेको छैन । प्रारम्भिक बाल विकास केन्द्रहरूको गुणस्तर पनि अत्यन्त कमजोर छ। ती केन्द्रहरूमा बालमैत्री भौतिक पूर्वाधारको ठूलो अभाव छ। यसले बालबालिकाको जग नै कमजोर बनाउने खतरा बढाएको छ।

समावेशी शिक्षासँगै कार्यान्वयन रणनीति : समावेशी शिक्षाका लागि स्थानीय सरकार सक्रिय हुनुपर्छ। दलित विद्यार्थीको मासिक उपस्थिति अनुगमन गर्ने प्रणाली चाहिएको छ। छात्रवृत्ति वितरणलाई पूर्ण रूपमा डिजिटल बनाउन आवश्यक छ। मातृभाषामा शिक्षा दिन स्थानीय पाठ्यक्रम विकास गर्नुपर्छ। तेस्रो लिंगी विद्यार्थीका लागि विशेष छात्रवृत्ति कोष चाहियो । विद्यालयमा लैंगिक मैत्री शौचालय निर्माण अनिवार्य गरिनुपर्छ। शिक्षक तालिममा लैंगिक संवेदनशीलता विषय समावेश गर्नुपर्ने देखिन्छ । यसले समावेशी वातावरण बनाउन सहयोग पुऱ्याउनेछ । सुकुम्बासी बालबालिकाका लागि तत्काल भर्ना प्रक्रिया सुलभ बनाउनुपर्छ । वडा कार्यालयले आवश्यक कागजात बिना भर्ना गर्ने अधिकार पाउनुपर्छ। संसद्मा सुकुम्बासी आरक्षणसम्बन्धी नयाँ विधेयक पेस गर्नुपर्छ। बालश्रम रोक्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । बालगृहका बालबालिकाका लागि राज्यले कानुनी संरक्षक तोक्नुपर्छ । अनाथ बालबालिकाको उच्च शिक्षाका लागि विशेष कानुनी व्यवस्था गर्नुपर्छ। यसरी, उनीहरूलाई समाजको मूलधारमा ल्याउन ठोस पहल गर्नुपर्ने देखिन्छ।

शिक्षक सुधारमा सुशासनका उपाय : शिक्षक दरबन्दी मिलान कार्यलाई अब पारदर्शी बनाउनुपर्छ। दुर्गममा काम गर्ने शिक्षकलाई विशेष भत्ताको व्यवस्था आवश्यक छ । विज्ञान र गणितका स्नातकलाई ब्रिज-शिक्षकका रूपमा खटाउन सकिन्छ । योग्यतामूलक नियमितीकरण प्रक्रियालाई तुरुन्तै टुंगोमा पुऱ्याउनुपर्छ । शिक्षकको कार्यसम्पादनलाई रियल-टाइम अनुगमन गर्ने प्रणाली बनाउनुपर्ने देखिन्छ । यसले शिक्षकको जवाफदेहिता र जिम्मेवारीबोधलाई थप बलियो बनाउँछ। प्रत्येक वर्ष जेठभित्रै दरबन्दी मिलान कार्य सम्पन्न गरिनुपर्छ ।

शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट पूर्ण रूपमा मुक्त गर्नैपर्छ । विश्वविद्यालयका उपकुलपतिहरू स्वतन्त्र खोज समितिबाट नियुक्त हुनुपर्छ । विद्यालय व्यवस्थापन समितिमा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्ने देखिन्छ । विद्यालय र विश्वविद्यालयलाई 'शान्ति क्षेत्र'का रूपमा घोषणा गरौं। अनिवार्य वित्तीय परीक्षण प्रणालीले संस्थागत सुशासन कायम गर्न सघाउँछ । पारदर्शी प्रशासनले मात्र शैक्षिक संस्थाहरूको साख जोगाउन सक्छ।

सबै सरोकारवालाको साझा प्रयासले मात्र परिवर्तन सम्भव छ । शैक्षिक भविष्यलाई उज्ज्वल बनाउन हामी सबै एकजुट बनौं। राष्ट्रको विकासका लागि यो नै एकमात्र बाटो हो।

समावेशी शिक्षाका लागि स्थानीय सरकार सक्रिय हुनुपर्छ । छात्रवृत्ति वितरणलाई पूर्णरूपमा डिजिटल बनाउन आवश्यक छ । शिक्षक तालिममा लैंगिक संवेदनशीलता विषय समावेश गर्नुपर्ने देखिन्छ।

व्यावहारिक सिकाइ, नवप्रवर्तनमा जोड : अब राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार नयाँ पाठ्यक्रम निर्माण गरौं। यसमा समालोचनात्मक सोच र सिर्जनशीलतालाई प्राथमिकता दिइनुपर्छ। कक्षा ९-१२ मा स्थानीय परियोजनाहरूलाई अनिवार्य गरौं । उद्योग र विश्वविद्यालयबीच समन्वय गरी इन्टर्नसिप कार्यक्रम चलाऔं । प्राविधिक धारका विद्यालयलाई थप सुदृढ र आधुनिक बनाऔं । प्रत्येक जिल्लामा एउटा नवप्रवर्तन प्रयोगशाला स्थापना गर्नुपर्ने देखिन्छ । यसले विद्यार्थीलाई प्रविधि र अनुसन्धानमा रुचि जगाउन मद्दत गर्छ। शिक्षकको क्षमता विकासका लागि स्थानीयस्तरमा संयन्त्र बनाऔं । आईसीटी र एआई तालिमलाई शिक्षकका लागि अनिवार्य गरौं । शिक्षकहरूका लागि 'पेसागत विकास बिदा'को कानुनी व्यवस्था गरौं । राम्रो काम गर्ने शिक्षकलाई प्रोत्साहन गर्ने प्रणाली ल्याऔं । डिजिटल शिक्षालाई निःशुल्क शिक्षाको आधारभूत सर्तमा राखौं। स्वदेशी कम्पनीहरूसँग मिलेर नेपाली भाषाको एआई सामग्री बनाऔं । यसले सिकाइ प्रक्रियालाई थप रोचक र प्रभावकारी बनाउनेछ।

कानुनी सुधार र आगामी कार्यदिशा : अनिवार्य शिक्षा ऐन, २०७५ मा तत्काल संशोधन आवश्यक छ । त्यसैले डिजिटल उपकरणलाई आधारभूत सर्तका रूपमा कानुनमा समेटौं । बालबालिकासम्बन्धी ऐनमा अनाथको उच्च शिक्षा अधिकार थपौं । शिक्षा आकस्मिक कोष स्थापनाका लागि छुट्टै ऐन ल्याऔं। विपद्को समयमा सिकाइ क्षति हुन नदिन कोष चाहिन्छ । प्रारम्भिक बाल विकास शिक्षकको न्यूनतम योग्यता मापदण्ड तोकौं । केन्द्रहरूमा पिउने पानी र बालमैत्री शौचालय सुनिश्चित गरौं। यी सुधारले जगदेखि नै शिक्षालाई बलियो बनाउनेछन् । नेपालको शिक्षा क्षेत्र अहिले संक्रमणकालीन अवस्थामा छ। प्रगति र चुनौतीहरूको संगममा हामी उभिएका छौं । कागजमा रहेका अधिकारलाई व्यवहारमा उतार्नु नै ठूलो कुरा हो । २१औं शताब्दीका मागहरू पूरा गर्न हामी तयार हुनुपर्छ। कृत्रिम बुद्धिमत्ता र जलवायु संकटजस्ता विषय पाठ्यक्रममा समेटौं । घोकन्ते विधि छाडेर अनुसन्धानमूलक सिकाइतर्फ अब लागौं। 'कोही पनि पछि नपरोस्' भन्ने सिद्धान्तलाई आत्मसात् गरौं।

शैक्षिक रूपान्तरणको साझा संकल्प : शिक्षा बजेट र नीतिको विषयमात्र कदापि होइन । यो त भावी पुस्ताका लागि गरिएको पवित्र वाचा हो । सबैभन्दा कमजोर बालबालिकाले पनि समान अवसर पाउनुपर्छ। अनि मात्र नेपालको वास्तविक शैक्षिक रूपान्तरण सम्पन्न हुनेछ। नयाँ सरकारले कानुनी रिक्तता हटाउन ठोस कदम अवश्य चाल्नेछ। सबै सरोकारवालाको साझा प्रयासले मात्र परिवर्तन सम्भव छ । शैक्षिक भविष्यलाई उज्ज्वल बनाउन हामी सबै एकजुट बनौं । राष्ट्रको विकासका लागि यो नै एकमात्र बाटो हो।


**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**



'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तर्राष्ट्रिय समाचार

# रोममा अमेरिका–इटाली संवाद



**रोम-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धका विषयमा सहयोग नगरेको भन्दै इटालीमाथि सार्वजनिक आलोचना गरेपछि वासिङ्टन र रोमबीच देखिएको असहजता कम गर्ने प्रयासस्वरूप अमेरिकी विदेशमन्त्री मार्को रुबियोले शुक्रबार इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीसँग महत्त्वपूर्ण भेटवार्ता गरेका छन् । पछिल्ला दिनमा ट्रान्सअटलान्टिक सम्बन्धमा बढ्दो तनावबीच भएको यो भेटलाई कूटनीतिक दृष्टिले अर्थपूर्ण रूपमा हेरिएको छ ।

रुबियोले एक दिनअघि भ्याटिकनमा पोप लियो चौधौँसँग 'मैत्रीपूर्ण र रचनात्मक' भेटवार्ता गरेका थिए । युद्धविरोधी अभिव्यक्तिका कारण ट्रम्पले पोपको आलोचना गरेपछि रुबियोको रोम भ्रमण अझ बढी संवेदनशील बनेको विश्लेषण गरिएको छ। त्यसपछि शुक्रबार उहाँले रोमस्थित कार्यालयमा दक्षिणपन्थी नेतृ मेलोनीसँग प्रत्यक्ष वार्ता गरेका हुन् ।

मेलोनीलाई ट्रम्प प्रशासनको सबैभन्दा निकट युरोपेली सहयोगीमध्ये एक मानिन्छ । तर इरानसँगको युद्धका क्रममा पर्याप्त सहयोग नगरेको आरोप लगाउँदै ट्रम्पले हालै उनीमाथि तीखो टिप्पणी गरेका थिए । गत महिना एक इटालियन पत्रिकासँगको अन्तर्वार्तामा ट्रम्पले आफू मेलोनीको भूमिकाबाट 'स्तब्ध' भएको बताउँदै उनीसँग साहस हुने अपेक्षा गरेको तर आफू गलत सावित भएको टिप्पणी गरेका थिए ।

ट्रम्पको त्यो अभिव्यक्ति मेलोनीले अमेरिकी मूलका पहिलो पोप लियो चौधौँमाथि गरिएको ट्रम्पको आलोचनालाई अस्वीकार्य भनेको केही समयपछि आएको थियो । यसले व्यक्तिगत सम्बन्ध नजिक भए पनि इटाली र अमेरिकी प्रशासनबीच विदेश नीतिका केही मुद्दामा मतभेद बढ्दै गएको सङ्केत दिएको छ। हालै ट्रम्पले इरान युद्धमा इटालीले 'कुनै सहयोग नगरेको' भन्दै इटालीबाट अमेरिकी सेना फिर्ता बोलाउने चेतावनीसमेत दिएका थिए ।

यसले नाटो गठबन्धनभित्र अमेरिका र युरोपबीचको सम्बन्धलाई लिएर नयाँ बहस सुरु भएको छ । शुक्रबार रुबियोसँग छुट्टै भेट गरेका इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले अमेरिका र युरोपबीचको साझेदारी अझै अपरिहार्य रहेको बताए । उनले ट्रान्सअटलान्टिक सम्बन्धलाई कमजोर बनाउन नहुने धारणा राख्दै दुवै पक्ष एकअर्काका लागि आवश्यक रहेको उल्लेख गरे ।

ताजानीले बिहीबार पत्रकारहरूसँग कुरा गर्दै युरोपलाई अमेरिकाको र अमेरिकालाई युरोपको उत्तिकै आवश्यकता रहेको बताए। उनले मित्र राष्ट्रहरूबीच मतभेद हुन सक्ने भए पनि त्यस्ता विषय खुला रूपमा उठाउनु नै साँचो साझेदारीको विशेषता भएको धारणा व्यक्त गरे । उनका अनुसार सहयोगी हुनुको अर्थ आफ्ना अडान स्पष्ट रूपमा राख्दै साझा भूमिकाको खोजी गर्नु हो ।

रुबियोको भ्रमणका क्रममा इटालीको विदेश मन्त्रालयले उनको पारिवारिक पृष्ठभूमिसँग सम्बन्धित विशेष दस्तावेज पनि हस्तान्तरण गरेको थियो । क्युबाली मूलका अमेरिकी नागरिक रुबियोका पुर्खा इटालीसँग सम्बन्धित रहेको पुष्टि गर्ने ती कागजातलाई उनले 'विशेष सम्मान' र 'भावनात्मक क्षण' का रूपमा लिएका थिए ।

स्पेनिस भाषामा धाराप्रवाह बोल्ने रुबियोले आफू अब इटालियन भाषा सिक्ने तयारीमा रहेको पनि बताए । उनले अर्को पटक इटाली फर्किंदा इटालियन भाषामै भाषण दिने प्रयास गर्ने उल्लेख गरे । कूटनीतिक तनावबीच गरिएको यस्तो व्यक्तिगत र सांस्कृतिक संवादलाई सम्बन्ध सुधारतर्फको सकारात्मक सङ्केतका रूपमा पनि हेरिएको छ ।

इटालीका विदेशमन्त्री ताजानीले रुबियोसँग हर्मुज जलघाँटीको अवस्थाबारे पनि विस्तृत छलफल गर्ने बताएका छन् । इरानले प्रभावकारी रूपमा अवरुद्ध बनाएको उक्त समुद्री मार्ग अहिले विश्व ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारका लागि गम्भीर चिन्ताको विषय बनेको छ । दुवै पक्षबीच लेबनानको अवस्था, मध्यपूर्वीय सुरक्षा चुनौती तथा इरानसँग बढ्दो तनावबारे पनि कुराकानी हुने जनाइएको छ ।

त्यसैगरी भेनेजुएला, क्युबा र युक्रेन युद्धका विषय पनि छलफलको एजेन्डामा रहेका छन् । इटालियन अधिकारीहरूका अनुसार रोमले युक्रेन युद्धमा रुसविरुद्ध किएभलाई समर्थन गर्ने आफ्नो नीति कायम राखेको छ र त्यसबारे अमेरिकी पक्षसँग समन्वय जारी रहनेछ । यस हप्ताको सुरुमा मेलोनीले इटालीबाट अमेरिकी सेना फिर्ता लिने सम्भावित निर्णय आफ्नो नियन्त्रणभन्दा बाहिरको विषय भएको बताएकी थिइन् ।

उनले व्यक्तिगत रूपमा त्यसमा सहमत नरहेको पनि स्पष्ट पारेकी थिइन्। मेलोनीले इटालीले सधैं आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्दै आएको उल्लेख गरिन्। उनले विशेष गरी नाटोभित्र इटालीले अफगानिस्तान र इराकमा आफ्ना प्रत्यक्ष राष्ट्रिय हित नजोडिएको अवस्थामा समेत जिम्मेवारी निर्वाह गरेको स्मरण गराइन् ।

ट्रम्प प्रशासनले हाल स्पेनबाट अमेरिकी सेना फिर्ता गर्ने चेतावनी दिइसकेको छ भने पेन्टागनले जर्मनीबाट पाँच हजार अमेरिकी सैनिक हटाउने योजना सार्वजनिक गरिसकेको छ । यसले युरोपमा अमेरिकी सैन्य उपस्थितिको दीर्घकालीन रणनीतिबारे नयाँ प्रश्न उठाएको छ ।

आधिकारिक तथ्याङ्कअनुसार डिसेम्बर ३१, २०२५ सम्म इटालीमा १२ हजार ६६२ अमेरिकी सक्रिय सैनिक तैनाथ थिए । स्पेनमा तीन हजार ८१४ सैनिक रहेका थिए भने जर्मनीमा अमेरिकी सैनिकको सङ्ख्या ३६ हजार ४३६ पुगेको थियो। युरोपमा अमेरिकी सैन्य उपस्थिति पुनर्संरचना गर्ने सम्भावित योजनाले नाटो सदस्य राष्ट्रहरूमा रणनीतिक चासो र चिन्ता दुवै बढाएको छ ।

## गरुडामा........

प्रहरी कार्यालय गरुडामार्फत भइरहेको छ । तर, भिडियो सार्वजनिक भइसकेको, आरोपित व्यक्तिहरूको पहिचान स्पष्ट भएको तथा घटना खुलेआम भएको अवस्थामा समेत पक्राउ नहुनुले प्रहरीको कार्यक्षमतामाथि प्रश्न उठेको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी शंकर प्रसाद आचार्यले "हतियार र प्रयोगकर्ताको खोजी भइरहेको" प्रतिक्रिया दिएका छन् । तर स्थानीयवासीले प्रहरीको यो भनाइलाई स्वीकार गर्न सकेका छैनन्। उनीहरूका अनुसार आरोपित व्यक्तिहरू घटना भएको दिनदेखि नै सार्वजनिक रूपमा देखिँदै आएका छन् । "यदि सामान्य नागरिकले यस्तो गरेको भए तत्काल पक्राउ भइसक्थ्यो," एक स्थानीयले भने, "तर प्रभावशाली कर्मचारी भएकै कारण संरक्षण भइरहेको जस्तो देखिन्छ ।" स्थानीय स्रोतका अनुसार आरोपित लेखापाल सहनीको घर गरुडा नगरपालिका-२ गेडही गुठीमा रहेको छ र उनी नियमित रूपमा नगरपालिकाको गाडी प्रयोग गरेर आवतजावत गरिरहेको दाबीसमेत गरिएको छ । यस्तो अवस्थामा पनि प्रहरीले पक्राउ गर्न नसक्नुले कानुन कार्यान्वयनमा दोहोरो मापदण्ड रहेको आशंका झन् बलियो बनेको छ ।

नेपालको प्रचलित कानुनअनुसार सार्वजनिक स्थलमा हतियार प्रदर्शन तथा गोली प्रहार गम्भीर फौजदारी कसुर मानिन्छ । हातहतियार तथा खरखजाना ऐन, २०१९ ले इजाजतबिना हतियार राख्न, बोक्न वा प्रयोग गर्न निषेध गरेको छ । त्यस्तै मुलुकी अपराध संहिता, २०७४ अनुसार सार्वजनिक शान्ति भंग गर्ने, डरत्रास फैलाउने तथा ज्यान जोखिममा पार्ने कार्यमा कैद र जरिवानाको व्यवस्था छ। कानुनविद्हरूका अनुसार विवाह समारोहमा गरिएको यस्तो फायरिङ "अवैध हतियारको दुरुपयोग" अन्तर्गत पर्न सक्छ, जसमा तीनदेखि पाँच वर्षसम्म कैद वा जरिवानासहित दुवै सजाय हुन सक्छ ।

यस घटनाले अर्को गम्भीर प्रश्न पनि उठाएको छ–सार्वजनिक सेवककै संलग्नता । नागरिक समाजका अगुवाहरूका अनुसार राज्यबाट तलब खाने कर्मचारी स्वयं कानुन उल्लंघनमा मुछिनु केवल व्यक्तिगत कमजोरी नभई संस्थागत नैतिकताको संकट हो । सार्वजनिक पदमा बसेका व्यक्तिबाट हुने यस्ता गतिविधिले सरकारी संयन्त्रमाथिको जनविश्वास कमजोर बनाउने उनीहरूको भनाइ छ ।

यसैबीच, आरोपित लेखापाल सहनी विगतमा पनि विवादमा तानिएका व्यक्ति रहेको तथ्य सार्वजनिक भएको छ । आर्थिक वर्ष २०७४/०७५ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पर्सा जिल्लामा भएको अनियमिततासम्बन्धी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । उनीमाथि सार्वजनिक खरिद ऐन विपरीत काम गरेको, लागत अनुमान टुक्र्याएर कोटेशनमार्फत योजना सञ्चालन गरेको तथा गुणस्तरहीन निर्माणमा संलग्न भएको आरोप थियो ।

यद्यपि, विशेष अदालतले २०८० जेठ २ गते उनलाई उक्त आरोपबाट सफाइ दिएको थियो । अदालतले उनी सम्बन्धित कार्यालयको स्थायी दरबन्दीभित्र नपरी काजमा खटिएको कर्मचारी रहेको तथा व्यक्तिगत लाभ लिएको प्रमाण नदेखिएको उल्लेख गरेको थियो । तर वर्तमान घटनाले पुनः उनको भूमिकामाथि प्रश्न उठाएको छ । यस घटनालाई मधेश प्रदेशको सुरक्षा अवस्थासँग पनि जोडेर हेरिएको छ। भारतसँग खुला सीमा जोडिएका रौतहट, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा अवैध हातहतियार ओसारपसारको जोखिम लामो समयदेखि चुनौतीका रूपमा रहेको छ। यस्ता हतियारहरू सामाजिक तथा सांस्कृतिक कार्यक्रममा समेत प्रयोग हुन थालेपछि सुरक्षा चुनौती थप जटिल बन्दै गएको सुरक्षा जानकारहरू बताउँछन् ।

घटनापछि गरुडा नगरपालिकाका प्रशासकीय अधिकृत निलम कुमार न्यौपानेले पनि घटनाबारे स्पष्ट धारणा दिन सकेनन्। उनले "आपसमा बसेर कुरा मिलाउने" संकेत गरेपछि स्थानीयवासीले घटना मिलेमतोमै दबाउने प्रयास भइरहेको आशंका व्यक्त गरेका छन् ।

घटना भएको यति लामो समय बितिसक्दा पनि न प्रहरीले ठोस कारबाही गरेको छ, न नगरपालिकाले कुनै प्रशासनिक वा अनुशासनात्मक कदम चालेको देखिएको छ । यसले राजनीतिक संरक्षण, प्रशासनिक प्रभाव वा आर्थिक पहुँचका कारण घटना दबाउन खोजिएको हो कि भन्ने प्रश्नलाई थप बल दिएको छ ।

कानुन सबैका लागि समान हुनुपर्ने लोकतान्त्रिक राज्यको मूल मान्यता हो । तर प्रभावशाली व्यक्तिहरू कानुनी दायराभन्दा बाहिर रहने र सामान्य नागरिकमाथि मात्र कठोरता देखिने अवस्था कायम रहिरहेमा राज्यप्रतिको जनविश्वास गम्भीर रूपमा कमजोर बन्ने निश्चित देखिन्छ ।

## बारामा.......

भएपछि सम्बन्धित व्यक्तिको घरमै सुरक्षित रूपमा पुऱ्याइने व्यवस्था मिलाइएको छ ।"

उनका अनुसार सेवाको विश्वसनीयता र सुरक्षा सुनिश्चित गर्न वितरण प्रक्रियामा आवश्यक पहिचान र अभिलेखीकरणको व्यवस्था समेत गरिनेछ । यसले राहदानी वितरण प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउने अपेक्षा गरिएको छ ।

हालसम्म राहदानी लिन सेवाग्राहीहरूलाई पटक-पटक जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता थियो । विशेषगरी ग्रामीण क्षेत्रका नागरिकले लामो दूरी तय गरेर कार्यालय पुग्नुपर्ने, भीडभाड सहनुपर्ने र अतिरिक्त खर्च व्यहोर्नुपर्ने अवस्था रहँदै आएको थियो । नयाँ सेवापछि यस्तो झन्झटमा कमी आउने विश्वास गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सेवा विस्तारसँगै नागरिकले सरकारी सेवा प्राप्त गर्ने प्रक्रियामा सहजता आउने मात्र नभई कार्यालयमा हुने भीड नियन्त्रणमा समेत सहयोग पुग्नेछ । यसले सेवाग्राहीको समय बचत हुनुका साथै सरकारी सेवा प्रवाहलाई आधुनिक र प्रभावकारी बनाउन मद्दत पुग्ने जनाइएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार लागू गरिएको शासकीय सुधार कार्यक्रमअन्तर्गत गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत यस्ता सेवाहरू विस्तार गरिरहेको छ । बुँदा नम्बर २७ अन्तर्गत सरकारी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने लक्ष्य राखिएको छ, जसअनुसार हुलाक सेवालाई पुनः प्रभावकारी र आधुनिक बनाउने नीति अघि सारिएको हो ।

जिल्ला प्रशासन कार्यालय बाराले जारी गरेको सूचनामा सेवाग्राहीलाई राहदानी आवेदनकै समयमा आफूले राहदानी कसरी प्राप्त गर्ने भन्ने विकल्प स्पष्ट रूपमा खुलाउन अनुरोध गरिएको छ । कार्यालयका अनुसार यस व्यवस्थाले सेवा प्रवाहलाई थप व्यवस्थित बनाउनेछ ।

स्थानीयवासीहरूले पनि यो व्यवस्थालाई सकारात्मक रूपमा लिएका छन् । सरकारी सेवा लिन पटक-पटक कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य हुने र ग्रामीण क्षेत्रका नागरिकलाई विशेष राहत पुग्ने उनीहरूको अपेक्षा छ ।

नागरिकलाई केन्द्रमा राखेर सुरु गरिएको यो सेवा प्रभावकारी रूपमा कार्यान्वयन भएमा सरकारी सेवा प्रवाहप्रतिको जनविश्वास बढ्नुका साथै सार्वजनिक प्रशासनलाई थप उत्तरदायी र प्रविधिमैत्री बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

# वीरगंज महानगरद्वारा ८८ निष्क्रिय सहकारीको दर्ता खारेजी प्रक्रिया सुरु

***वीरगंज, २५ वैशाख***

वीरगंज महानगरपालिकाले लामो समयदेखि निष्क्रिय रहेका ८८ वटा सहकारी संस्थाको दर्ता खारेजी प्रक्रिया अगाडि बढाएको छ । सहकारी ऐन तथा नियमावलीअनुसार नियमित विवरण नबुझाउने, सरकारी प्रणालीमा तथ्यांक अद्यावधिक नगर्ने तथा महानगरपालिकाको सम्पर्कमा नरहेका सहकारी संस्थामाथि महानगरले कारबाही प्रक्रिया सुरु गरेको हो ।

महानगरपालिकाको आर्थिक विकास महाशाखाले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै ती सहकारी संस्थाहरूलाई ३५ दिनभित्र आवश्यक कागजातसहित सम्पर्कमा आउन निर्देशन दिएको छ । तोकिएको अवधिभित्र सम्पर्कमा नआए सम्बन्धित सहकारीहरूको दर्ता स्वतः खारेज गरिने चेतावनी पनि सूचनामार्फत दिइएको छ ।

महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्णका अनुसार चैत १२ गते भएको निर्णय बमोजिम वीरगञ्ज महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ को उपदफा (३) अनुसार कारबाही प्रक्रिया अगाडि बढाइएको हो । महानगरका विभिन्न वडामा कार्यक्षेत्र रहेका ती सहकारी संस्थाहरूले मासिक प्रगति प्रतिवेदन, वार्षिक साधारण सभाको निर्णय, लेखा परीक्षण प्रतिवेदनलगायत अनिवार्य कागजात लामो समयदेखि नबुझाएको पाइएको छ। साथै सहकारी व्यवस्थापनका लागि प्रयोग हुने सरकारी प्रणाली 'कोपोमिस' मा समेत विवरण प्रविष्टि नगरेको महानगरपालिकाले जनाएको छ ।

प्रमुख कर्णले केही सहकारी संस्थामाथि सहकारी अभियानको मर्मविपरीत गतिविधिमा संलग्न रहेको गुनासो समेत प्राप्त भएको बताए । उनका अनुसार कतिपय संस्था लामो समयदेखि सम्पर्कविहीन अवस्थामा रहेका कारण सहकारी क्षेत्रको विश्वसनीयता जोगाउन यस्तो कदम चाल्नुपरेको हो ।

महानगरपालिकाले सम्बन्धित सबै सहकारी संस्थालाई समयमै सम्पर्कमा आई आफ्नो अवस्था स्पष्ट पार्न आग्रह गरेको छ । अन्यथा कानुनी प्रक्रियाअनुसार संस्थाको अस्तित्व समाप्त गरिने स्पष्ट पारिएको छ ।

महानगरपालिकाको यो कदमले सहकारी क्षेत्रमा सुशासन कायम गर्न, निष्क्रिय तथा अपारदर्शी संस्थामाथि निगरानी बढाउन तथा सहकारी प्रणालीलाई थप जिम्मेवार र व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

जनहितमा जारी सन्देश

- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं ।
- नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।

माधव नारायण नगरपालिका
माधोपुर, रौतहट

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंज भन्सार एरियाबाट ब्राउन सुगरसहित दुई पक्राउ

***हरिकिशोर शर्मा***
***पर्सा, २५ वैशाख***

पर्सामा बढ्दो लागुऔषध ओसारपसार नियन्त्रण गर्न सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा निगरानी कडा बनाएको छ । यही अभियानअन्तर्गत वीरगञ्ज भन्सार क्षेत्रबाट ब्राउन सुगर र हिरोइनसहित दुई जनालाई पक्राउ गरिएको छ ।



सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साका प्रमुख एसपी मोहनबहादुर क्षेत्रीको निर्देशनमा सञ्चालन गरिएको विशेष निगरानी अभियानअन्तर्गत वीरगञ्ज भन्सार गुल्मबाट खटिएको टोलीले शुक्रबार साँझ उक्त सफलता हासिल गरेको हो । डिएसपी विकास अधिकारीको नेतृत्वमा खटिएको टोलीले वीरगञ्ज महानगरपालिका-१६ स्थित वीरगञ्ज भन्सार कार्यालयको मूलगेट अगाडि नियमित चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आइरहेको यात्रुवाहक अटोमा सवार दुई जनालाई शंकाको आधारमा नियन्त्रणमा लिएको थियो । त्यसपछि गरिएको खानतलासीका क्रममा उनीहरूको साथबाट लागुऔषध बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी सहायक निरीक्षक नितेश कुमार शाह कानुको कमाण्डमा रहेको ९ सदस्यीय टोलीले 'दृष्टि' नामक ड्रग्स डिटेक्सन तालिमप्राप्त पोथी कुकुरको सहयोगमा चेकजाँच गरेको थियो । सो क्रममा करिब ५ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ तथा ०.३४ मिलिग्राम सेतो हिरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जानकारी दिएको छ ।

पक्राउ पर्नेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ सिमलटार निवासी अन्दाजी २० वर्षीय सागर घिमिरे र सोही स्थानकी अन्दाजी २३ वर्षीया पूजा जिम्बा रहेका छन् । उनीहरूलाई बरामद लागुऔषधसहित आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि वडा प्रहरी कार्यालय बिर्तामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

पछिल्लो समय भारत-नेपाल खुला सीमाको फाइदा उठाउँदै लागुऔषध ओसारपसारका घटना बढ्न थालेपछि पर्सामा सुरक्षा निगरानी थप कडा पारिएको छ । विशेषगरी वीरगञ्ज भन्सार नाका, इनर्वा र रक्सौल आसपासका क्षेत्रमा यात्रुवाहक सवारी साधन, पैदल यात्री तथा शंकास्पद व्यक्तिमाथि नियमित निगरानी र चेकजाँच तीव्र पारिएको सुरक्षा अधिकारीहरूले बताएका छन् ।

सशस्त्र प्रहरी बल पर्साले सीमावर्ती क्षेत्रमा लागुऔषध नियन्त्रण अभियानलाई अझ प्रभावकारी बनाउँदै नियमित चेकजाँच, गोप्य सूचनाका आधारमा अपरेशन तथा ड्रग्स डिटेक्सन डग परिचालनलाई निरन्तरता दिइने जनाएको छ ।

# नारायणी अस्पतालमा क्लिनिकल अडिट प्रस्तुतीकरण सम्पन्न

***दिपक चौरसिया***
***बिरगंज, २५ वैशाख***

नारायणी अस्पतालमा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आयोजित दुई दिने क्लिनिकल अडिट प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम वैशाख २४ र २५ गते सञ्चालन गरिएको हो ।



स्वास्थ्य सेवा विभाग अन्तर्गत उपचारात्मक महाशाखाका निर्देशक डा. पवनजङ्ग रायमाझी नेतृत्वको टोलीको उपस्थितिमा सम्पन्न कार्यक्रममा नारायणी अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. चितरन्जन शाहसहित अस्पतालका विभिन्न विभागका प्रमुख तथा चिकित्सकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा अस्पतालबाट प्रवाह भइरहेका स्वास्थ्य सेवाको वर्तमान अवस्था, सेवा सञ्चालनका क्रममा देखिएका चुनौती तथा सुधारका सम्भावित उपायबारे विस्तृत समीक्षा गरिएको थियो । क्लिनिकल अडिटमार्फत बिरामीलाई अझ प्रभावकारी, सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा विशेष जोड दिइएको अस्पताल प्रशासनले जनाएको छ ।

प्रस्तुतीकरणका क्रममा अस्पतालमा दिनप्रतिदिन बिरामीको चाप बढ्दै गएको तथा विशेषगरी इमर्जेन्सी वार्डमा चिकित्सक अभाव देखिएको विषय उठाइएको थियो । सहभागीहरूले इमर्जेन्सी सेवामा थप दरबन्दी आवश्यक रहेको उल्लेख गर्दै समयमै जनशक्ति व्यवस्थापन गर्न सुझाव दिएका थिए ।

त्यसैगरी विभिन्न प्रकारका भ्याक्सिनको अभाव हुन नदिन पूर्वतयारी तथा आपूर्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि औंल्याइएको थियो । अस्पतालमा सेवा लिने बिरामीको संख्या बढ्दै जाँदा आवश्यक औषधि, उपकरण र जनशक्तिको व्यवस्थापनलाई दीर्घकालीन रूपमा व्यवस्थित गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

कार्यक्रममा अस्पतालका विभिन्न विभागले आफ्नो सेवा अवस्था, उपलब्धि तथा चुनौतीबारे प्रस्तुतीकरण गरेका थिए । साथै सेवा प्रवाहलाई थप व्यवस्थित, उत्तरदायी र नागरिकमैत्री बनाउन आवश्यक सुधारका उपायहरूमाथि छलफल गरिएको थियो । नारायणी अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. चितरन्जन शाहले क्लिनिकल अडिट कार्यक्रमले अस्पतालको सेवा प्रणालीलाई थप प्रभावकारी र व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले अस्पतालमा सेवा गुणस्तर सुधारका लागि निरन्तर मूल्यांकन, समन्वय र सुधार प्रक्रियालाई अगाडि बढाइने बताए ।

अस्पताल प्रशासनका अनुसार आगामी दिनमा पनि स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि यस्ता समीक्षा तथा मूल्यांकन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर
दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

# आफ्नो लोकप्रियताबाट विपक्षीहरु अत्तालिए: वडाध्यक्ष अतिकुरहमान

***शु. आ. सम्बाददाता***
***रौतहट, २५ वैशाख***

जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष अतिकुरहमानले आफ्नो बढ्दो जनप्रियता र विकास निर्माणका कार्यहरू देखेर राजनीतिक विपक्षीहरू अत्तालिएको बताएका छन् । पछिल्लो समय सामाजिक सञ्जालमार्फत आफूविरुद्ध भइरहेका विभिन्न प्रचारबाजीहरू नियोजित र भ्रामक रहेको भन्दै उनले त्यसको खण्डन गरेका छन् ।




केही दिनदेखि सामाजिक सञ्जाल फेसबुकमा वडाध्यक्ष रहमान कार्यालय समयमा उपस्थित नहुने र कार्यकक्ष बाहिर बढी समय बिताउने गरेको भन्दै आलोचना भइरहेको थियो । उक्त विषयमा स्पष्ट पार्दै वडाध्यक्ष रहमानले आफू सदैव जनताको सेवामा समर्पित रहेको र जनताकै कामको सिलसिलामा कहिलेकाहीँ फिल्डमा जानुपर्ने अवस्थालाई विपक्षीले गलत रूपमा व्याख्या गरेको बताए । उनले भने, म जनताप्रति पूर्ण बफादार छु । मेरो काम र लोकप्रियता देखेर अत्तालिएकाहरूले आगामी चुनावलाई लक्षित गरी मेरो छवि धमिल्याउने असफल प्रयास गरिरहेका छन् ।

वडाध्यक्ष रहमानले आफ्नो कार्यकालमा वडाभित्र शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा उल्लेखनीय सुधार भएको दाबी गरे । विशेषगरी कृषि क्षेत्रलाई प्राथमिकता दिँदै सिँचाइका लागि बोरिङ जडान, विद्युतीकरण, सडक निर्माण र सञ्चारको पहुँच विस्तारमा आफू निरन्तर खटिरहेको उनले उल्लेख गरे ।

आगामी योजनाहरूका बारेमा जानकारी दिँदै उनले भने:

वडाभित्र रहेका मुसहर समुदायका करिब १०० घरधुरीको आर्थिक र सामाजिक अवस्था सुधार गर्न विशेष प्याकेज ल्याइने,

विपन्न र दलितबालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन छात्रवृत्ति र शैक्षिक सामग्री वितरणलाई निरन्तरता दिने,

सेवाग्राहीको कामलाई छिटो-छरितो बनाउन दिउँसोसम्म वडा कार्यालयमै रहेर सिफारिस तथा अन्य प्रशासनिक कार्यहरूलाई पहिलो प्राथमिकतामा राखिएको,

राजनीतिक खिचातानी

नगरपालिकाको आन्तरिक राजनीतिमा पूर्व मेयर धर्मेन्द्र पटेल निकट मानिने रहमान वर्तमान मेयर प्रेमलाल साहका कडा आलोचकका रूपमा चिनिन्छन् । उनले आफू अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि भएकाले पनि समय-समयमा आफूमाथि घेराबन्दी गर्ने र भ्रामक प्रचार गर्ने गरिएको गुनासो गरे ।

जतिसुकै षड्यन्त्र गरे पनि आगामी निर्वाचनमा आफूले पुनः भारी मतका साथ जित हासिल गर्नेमा म विश्वस्त छु, रहमानले ठोकुवा गर्दै भने, जनताले कसले काम गरेको छ र कसले हल्ला फैलाएको छ भन्ने कुरा राम्ररी बुझेका छन् ।

उनले सामाजिक सञ्जालमा गरिने टिप्पणीहरूका पछाडि नलाग्न र आधिकारिक तथ्य बुझ्न सम्पूर्ण वडावासीहरूलाई आग्रह समेत गरेका छन् ।

# सुरक्षित आप्रवासन कार्यक्रमबारे कलैयामा अन्तरक्रिया

***शु.आ. सम्बाददाता***
***कलैया, २५ वैशाख***




वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा सूचनामूलक बनाउने उद्देश्यले सञ्चालन गरिएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत कलैया उपमहानगरपालिकामा सञ्चार माध्यम परिचालन सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कलैया उपमहानगरपालिकाको सभाहलमा आयोजित कार्यक्रमको उद्घाटन नगर प्रमुख विनोद साहले ब्यानर वाचन गरेर गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि साहले वैदेशिक रोजगारीमा जाने युवायुवतीले सही सूचना लिएर मात्र विदेश जानुपर्नेमा जोड दिए । उनले गैरकानुनी माध्यम अपनाउँदा ठगी, मानव बेचबिखन तथा विभिन्न जोखिममा पर्न सकिने भएकाले सुरक्षित वैदेशिक रोजगारीका प्रक्रिया अपनाउन आवश्यक रहेको बताए ।

"स्वदेशमै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं" भन्ने नारासहित सञ्चालन गरिएको कार्यक्रममा सुरक्षित आप्रवासन कार्यक्रम (क्ब:ष) सम्बन्धी जानकारी बारा जिल्ला कोर्डिनेटर सरोज कुमार सिंहले प्रस्तुत गरेका थिए ।

सिंहले वैदेशिक रोजगारमा जान चाहनेहरूले सीप सिकेर मात्र विदेश जानुपर्ने, श्रम स्वीकृति लिनुपर्ने, सबै कागजात तथा भरपाई सुरक्षित राख्नुपर्ने, नेपालको विमानस्थल प्रयोग गर्नुपर्ने तथा आवश्यक सहयोगी संस्थाहरूको जानकारी लिएर मात्र विदेश जानुपर्नेमा जोड दिए । उनले कार्यक्रमअन्तर्गत वित्तीय साक्षरता, मनोसामाजिक परामर्श तथा वैदेशिक रोजगारसम्बन्धी कानुनी परामर्श सेवा समेत उपलब्ध गराइँदै आएको जानकारी दिए ।

कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा सरोकारवालाहरूले वैदेशिक रोजगारसम्बन्धी सही सूचना आम नागरिकसम्म पुऱ्याउन सञ्चार माध्यमको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताएका थिए । साथै वैदेशिक रोजगारीका क्रममा हुने ठगी, श्रम शोषण, मानव बेचबिखन तथा अन्य समस्याबारे व्यापक जनचेतना आवश्यक रहेको धारणा व्यक्त गरिएको थियो ।

यद्यपि कार्यक्रममा सहभागी केही सञ्चारकर्मी तथा वैदेशिक रोजगारबाट पीडित व्यक्तिहरूले सामी परियोजनाको प्रभावकारितामाथि प्रश्न उठाएका थिए । उनीहरूले बाराका विभिन्न स्थानीय तह–जितपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका, बारागढी गाउँपालिका, सिम्रौनगढ नगरपालिका तथा देवताल गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको दाबी गरिए पनि त्यसको प्रभाव जनस्तरमा स्पष्ट रूपमा देखिन नसकेको बताएका थिए । सहभागीहरूले वैदेशिक रोजगारीका क्रममा समस्यामा परेकाको उद्धार, क्षतिपूर्ति दिलाउने तथा परामर्श सेवा उपलब्ध गराउने दाबी व्यवहारमा पर्याप्त रूपमा अनुभूत हुन नसकेको गुनासो गरे । सञ्चारकर्मीहरूले सामी परियोजनाले सार्वजनिक गर्ने तथ्यांक र स्थानीय तहमा देखिएको वास्तविक अवस्थाबीच अन्तर रहेको उल्लेख गर्दै कार्यक्रमलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको बताएका थिए ।

उनीहरूले वैदेशिक रोजगारीमा जाने युवालाई सही सूचना, कानुनी परामर्श तथा जोखिम न्यूनीकरणका क्षेत्रमा अझ परिणाममुखी काम गर्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा सहभागीहरूले कार्यक्रमको प्रभावकारिता बढाउन नियमित अनुगमन, पारदर्शिता तथा प्रत्यक्ष जनसरोकारका कामलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए ।

कलैया उपमहानगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा उपप्रमुख रौशन प्रविण, कार्यपालिका सदस्य कल्पना नेपालसहित जिल्लाका करिब ३० जना पत्रकार तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका